लालबन्दी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लालबन्दी, सर्लाही, मधेश प्रदेश, नेपाल

## आन्तरिक आय ठेक्कासँग सम्वन्धित सूचना ।

(दोश्रो पटक प्रकासित मिति : २०८२/०४/१९)

यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने देहाय बमोजिमका आन्तरिक आय संकलन (वहाल विटौरी शुल्क) आ.व. २०८२/०८३ का लागि लालबन्दी नगरपालिकाले तोकेको दररेटमा ठेक्का बन्दोबस्त मार्फत संकलन गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुबाट निम्न लिखित सर्तहरुको अधिनमा रही आफ्नो फर्म ईजाजत पत्र नवीकरण भएको प्रमाणपत्र, मु.अ. कर दर्ता प्रमाणपत्र/स्थायी लेखा दर्ता प्रमाणपत्र, आर्थिक बर्ष २०८०/०८१ को करचुक्ताको प्रमाणित प्रतिलिपिहरू, कारवाही वा कालोसूचीमा नपरेको स्व:घोषणा र अख्तियारनामा सहित सूचना दोश्रो पटक प्रकाशित भएको मितिले १६औं दिनको मध्यान्ह १२:०० बजेसम्म अनिवार्य Online प्रणालीबाट बोलपत्र पेश गर्नु हुन रितपूर्वक बिद्युतिय बोलपत्र (E-Bidding) आव्हान गरिएको छ । विस्तृत जानकारी तथा बोलपत्र फारम र सोसँग सम्बन्धित कागजातका लागि www.bolpatra.gov.np/egp वा यस कार्यालयको वेबसाइट www.lalbandimun.gov.np मा हेर्नुहुन समेत सम्बन्धित सबैको जानकारीको लागि नगर कार्यपालिकाको मिति २०८२।०२।२७ गतेको बैठकको निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल :**

| ठेक्का नं. | ठेक्काको किसिम | क्षेत्र | न्यूनतम अंक (मु.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| आ.आ. ०२-०८२/०८३ | खसि, बाखा तथा राँगा मासु बजार (स्टल र सटर बाहेक), लालबन्दी बजार क्षेत्र | लालबन्दी न.पा. वडा नं. ७ | रु.३१,८४,२९६।५० (एकतीस लाख, चौरासी हजार, दुई सय छयानब्बे रुपैया पैसा पचास मात्र) | रु.३,०००।- | |

**सर्तहरु :**

१. ठेक्का अवधि सम्झौताको मिति देखी २०८३ आषाढ मसान्तसम्मको लागि लागू हुनेछ ।
२. प्रति बोलपत्र फारम दस्तुर रकम रु.३०००/-(तीन हजार मात्र) यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक, लालबन्दी शाखामा रहेको **आन्तरिक राजस्व खाता नं. १२८०१००३०१०१०००२** मा जम्मा गरी Scan कपी बोलपत्र फारम साथ पेश गर्नु पर्नेछ ।
३. बोलपत्र फारम साथ धरौटी बापत कबोल अंकको (मू.अ. कर सहित) ५(पाँच) प्रतिशतले हुन आउने रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक, लालबन्दी शाखामा रहेको **धरौटी खाता नं. १२८०१००३०३००००२** मा रकम जम्मा गरेको अर्धकट्टीको सक्कल भौचरको वा "क" वर्गको बैंकबाट ठेक्का नं. उल्लेख गरी यस कार्यालयको नाममा जारी गरेको कम्तिमा १२० दिनको म्याद भएको रितपूर्वकको बोलपत्र जमानत(बिड बण्ड) को Scan कपी बोलपत्र फारम साथ पेश गर्नु पर्नेछ ।
४. बोलपत्र फारम सूचना दोश्रो पटक प्रकाशित भएको मितिले १६औं दिनको १२:०० बजेसम्म अनिवार्य Online प्रणालीमा पेश गरी सक्नु पर्नेछ । सोही दिन दिनको ०२:०० बजे कार्यालयको प्रतिनिधिहरु र बोलपत्रदाताको प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन तथा खोल्ने दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिनलाइ अन्तिम दिन मानी सो कार्यहरु गरिनेछ । बोलपत्र खोल्ने समयमा बोलपत्रदाताको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा हुने छैन ।
५. बोलपत्रदाताले आफुले कबोल गरेको रकमलाई-अंक र अक्षरमा स्पष्ट साथ लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।
६. सवै किसिमको ठेक्कामा हालको कानूनी व्यवस्थामा नेपाल सरकार र प्रदेश सरकारबाट अन्य निर्णय भई आएमा सोही वमोजिम हुनेछ । आफुले कबोल गरेको ठेक्कामा लाग्ने नेपाल सरकारको कर, शुल्क बोलपत्र दाता स्वयंले ब्यहोर्नुपर्नेछ ।
७. स्वीकृत बोलपत्र दाताले आफुले कबोल गरेको कुल रकम बोलपत्र स्विकृत भएको मितिले १५(पन्ध्र) दिन भित्र कुनै छुट नहुने गरी प्रथम किस्ता वापत ३४ प्रतिशत नगद र बाँकी रकमको १३(तेह्र) महिना म्याद भएको कार्यसम्पादन जमानत (बैंक ग्यारेण्टी) बुझाउनु पर्नेछ र सो को आधारमा सम्झौता गरी पट्टा उपलब्ध गराइनेछ । दोश्रो किस्ता वापतको रकम सम्झौता भएको मितिले ४(चार) महिना पश्चात ३३ प्रतिशत र तेश्रो किस्ताको बाँकी ३३ प्रतिशत रकम ठेक्का सम्झौता मिति समाप्त हुनु भन्दा १(एक) महिना अघि कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ। बोलपत्र दाताले उल्लेखित प्रकृया अनुसार किस्ता रकम जम्मा नगरेमा कार्य सम्पादन जमानत (बैंक ग्यारेण्टी) वाट जफत गरी रकम अशुल गरिनेछ । बोलपत्र दाताले रकम दाखिला गर्दा कबोल रकम र मु.अ. कर रकम छुट्टा छुट्टै दाखिला गर्नु पर्नेछ ।
८. कुनै कारणले बोलपत्रदाताले बोलपत्र सम्झौता गर्न नसकेमा निजको धरौटी जफत गरी प्रचलित कानून वमोजिम कारवाही गरिनेछ ।
९. लालबन्दी नगरपालिकालाई तिर्नुपर्ने बाँकी रकम तथा जिन्सी सामानहरु तिर्नुपर्ने वक्यौता देखिएमा त्यस्ता फर्म/कम्पनीहरुको नाममा ठेक्का स्वीकृती हुने छैन र निजको बक्यौता रकम धरौटीवाट असूलउपर गरी बाँकी रकम भुक्तानी गरिनेछ ।
१०. ठेक्का सम्झौता भएपछी ठेकेदारले आर्थिक ऐन, २०८२ मा उल्लेखित दररेटमा शुल्क उठाउनु पर्नेछ ।
११. बोलपत्र ठेक्का सम्बन्धि अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र लालबन्दी नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ । अन्य कुराहरु प्रचलित ऐन, नियम र कानून अनुसार हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**